**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिकाको ८९ औं कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

**निर्णय नं. २**

खुम्बु पासाङल्हामु गाउँपालिकाको कर्मचारीहरूको तहवृद्धि सम्बन्धी कार्यविधिको दफा (५) बमोजिमको समितिमा देहायनुसारका कर्मचारी रहने ।

क) श्री जगत प्रसाद भुसाल - संयोजक

ख) श्री सुजन कुमार बुढाथोकी - सदस्य

ग) श्री अर्थिमाया तामाङ - सदस्य

**निर्णय नं. ३**

सङ्घीय लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगको सिफारिसमा खुम्बु पासाङल्हामु गाउँपालिकामा स्थायी नियुक्ति भई दोहोरो सहमतिका आधारमा काज सरुवा भएका तपसिल बमोजिमका कर्मचारीहरूलाई उहाँहरुलाई माग भए अनुसारका सरुवा सहमती प्रदान गर्ने ।

तपसिल

| क्र.सं. | कर्मचारीहरूको नाम, थर | पद | सरुवा भएर जान चाहेको कार्यालय |
|---|---|---|---|
| १ | दिव्य श्रेष्ठ (२४३१३९) | ईञ्जिनियर | सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा |
| २ | विवेक आचार्य (२३७३५४) | लेखापाल | लिम्चुङबुङ गाउँपालिका, उदयपुर |
| ३ | पुजा तिम्सिना आचार्य (२३९७५३) | सहयक चौथो | दिक्तेल रूपाकोट मझुवागडी नगरपालिका, दिक्तेल |

**निर्णय नं. ४**

खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयमा प्रदेश लोकसेवा आयोगाको कार्यालय विराटनगरको सिफारिसमा खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयमा स्थायी नियुक्ति हुनु भएका श्री मनिषा पाचे मगरले राजिनमा दिनु भएको हुँदा रिक्त रहेको उक्त पदमा वैकल्पिक कर्मचारी सिफारिस गर्न माग गरी प्रदेश लोकसेवा आयोगको कार्यालयलाई पत्राचार गर्ने ।

**निर्णय नं. ५**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ अन्तर्गत निर्माणाधिन रहेको ङिमदोर्जी शेर्पा पर्यटन सडकको ट्र्याक ओपनिङको कार्यसँग सम्बन्धित रहेर वडा नं. १ को कार्यालयबाट प्राप्त पत्रको सम्बन्धमा छलफल गर्दा खुम्बु पासाङल्हामु गाउँपालिकाको तर्फबाट उक्त कार्यका लागि जिम्मेवारीमा रहनु भएका प्रवक्ता श्री ल्हाक्पा छिरी शेर्पा तथा  कार्यालयका प्रविधिक कर्मचारीहरूको राय लिई अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नं. ६**

मञ्जुश्री बौद्ध आधारभूत विद्यालयका सम्बन्धमा छलफल हुँदा वर्तमान अवस्थामा उक्त विद्यालयलाई निरन्तरता दिन नसकिने हुँदा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई ठूलो गुमेलामा रहेको **पेमा छोलिङ** गुम्बामा अध्ययनका लागि एकजना  शिक्षक सहित पठाउने।

**निर्णय नं. ७**

खुम्बु पासाङल्हामु गाउँपालिका अन्तरगत सञ्चालित तपासिल बमोजिमका विद्यालयमा कार्यरत शिक्षकलाई खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा नियमालीमा भएको व्यवस्था बमोजिम अन्तर विद्यालय काज सरूवा गर्ने ।

तपसिल

| क्र.स. | शिक्षकको नाम, थर | हाल कार्यरत विद्यालय | काज सरूवा हुने विद्यालय |
|---|---|---|---|
| १ | श्री देबेन्द्र बास्तोला | श्री फोर्चे आ.वि., फोर्चे | श्री थामे आ.वि., थामे |
| २ | श्री ङिमा रिन्जी शेर्पा | श्री मेरा आ.वि., खरिखोला | श्री नौलेख आ.वि., पैयाँ |
| ३ | श्री तेज प्रसाद घिमिरे | श्री युवावर्ष आ.वि., मञ्जु | श्री जनसेवा आ.वि., गुमेला |
| ४ | श्री डिल्ली भट्टराई | श्री पाङ्मोनिजा आ.वि., पाङ्गोम | श्री खरिखोला मा.वि., खरिखोला |
| ५ | श्री नरेश प्रसाद भट्ट | श्री पाङ्बोचे  आ.वि., | श्री खुम्जुङ मा.वि., खुम्जुङ |

**निर्णय नं. ८**

खुम्बु पासाङल्हामु गाउँपालिकाले भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना अनुसार गाउँपालिका भित्रका ५ वटै वडाको जग्गाको क्षेत्र वर्गिकरण गरिसकिएको हुँदा उक्त तथ्याङ्क अद्यावधिक गर्नका लागि जिल्ला नापी र मालपोत कार्यालय, सोलुखुम्बुमा पठाउने ।

**निर्णय नं. ९**

खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत साविक चौंरीखर्क गा.वि.स. वडा नं. ३ र वडा नं. ८ हाल खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. २ र ३ मा रहेका कित्ता नं. १२५, ११३, १२१, ६४, ३७१, ५६, ११७, १०८, ७५, ३६ कित्ता बाट भएर जाने बाटोको क्षेत्र ४ मिटर कायम गरी कित्ता काट गर्नका लागि नापी तथा मालपोत कार्यालय पठाउने ।

**निर्णय नं. १०**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ पाङ्बोचेमा रहेको श्री पाङ्बोचे आधारभूत विद्यालाय व्यवस्थापन समितिको बैठकको निर्णय तथा सिफारिसका आधारमा उक्त विद्यालयको रिक्त रहेको प्रधानाध्यापकको पदमा शिक्षक श्री दिनेश कुमार बुढालाई नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

वडा कार्यालयको सिफारिस तथा प्राविधिक प्रतिवेदनका आधारमा ङिम दोर्जी पर्यटन सडक निर्माणका  क्रममा क्षती भएका बालीहरुको क्षतिपूर्ति उपलब्ध गराउने ।

**निर्णय नं. १२**

वडा कार्यालयको सिफारिसमा लुक्ला कभर्ड हल निर्माणको क्रममा घाइते भएका कामदार युवराज खालिङ को औषधोउपचार उपलब्ध गराउने ।

**निर्णय नं. १३**

२, ४ र ५ नं वडाबाट प्राप्त आफन्त नभएका एवं विपन्नहरुको लास व्यवस्थापन  तथा काजक्रिया खर्च हाललाई विविध खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. १४**

शशस्त्र प्रहरी वल नेपालको सिमा सुरक्षा पोष्ट स्थापनाको लागी  अर्को ब्यवस्था नभए सम्मको लागी नाम्चे स्वास्थ्य चौकीको जग्गा तथा भवन उपलब्ध गराउने ।

**निर्णय नं. १५**

कोशी प्रदेश कानून वमोजिम गाँउपालिका अध्यक्षले राख्न पाउने निजी सचिव नियुक्ती गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने ।

**निर्णय नं. १६**

देहायका राष्ट्र सेवक कर्मचारीलाई निम्न अनुसार पुरस्कृत गर्ने ।

| क्र स | कर्मचारीको नाम थर | पद | पुरस्कार राशी |
|---|---|---|---|
| १ | मोहन प्रसाद चापागाई | प्रा।प्रा।अ। | १०००००० |
| २ | सुजन कुमारी बर्देवा | शाखा अधिकृत | १००००० |
| ३ | डा। अभिषेक खड्का | चिकित्सक | ५०००० |
| ४ | अर्चना घिमिरे | वातावरण अधिकृत | ५०००० |
| 5 | पासाङ डोमा शर्पा | अ सव ईन्जीनियर | ५०००० |
| ६ | पेम्वा याङजी शर्पा | शिक्षिका | ५०००० |

**निर्णय नं. १७**

यस गाँउपालिका भित्र सार्वजनिक जग्गा अतिक्रमण गरी बनाएका संरचनाहरु हटाउन ३५ दिने सुचना जारी गर्ने । यस कार्यमा सम्बन्धित वडा कार्यालयले विवरण अद्यावधिक गरी गाँउ कार्यपालिकाको कार्यालयमा पठाउने ।

निर्णय नं. १८

यस्गाँउपालिकाको आ व २०८१ र ८२ को नीति तथा कार्यक्रम पारित गरी स्वीकृतिका लागी गाँउसभा समक्ष पेश गर्ने ।